# आर्थिक बर्ष २०७७।०७८ को बार्षिक नीति तथा कार्यक्रम

उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, सभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु ।

सर्व प्रथम यस ७ औ गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहान्छु । नेपालको सार्वभौमसत्ता, स्वाधिनता, लोकतन्त्र र जनजिविकाको लागि विभिन्न आन्दोलनमा ज्यान गुमाउनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको कारण विश्व नै आक्रान्त भएको छ , २०७६ चैत्र ११ गते देखि नेपाल सरकारद्धारा गरिएको लकडाउनका कारण जनजीवन अस्तव्यस्त भएको छ । यसैविच तिनाउ गाँउपालिका भित्रका अतिविपन्न घरपरिवार छनौट गरी गाउँपालिका , पालिका क्षेत्र भित्र रहेका चुनढुंगा खानी संचालक, सामुदायिक वन उपभोक्ता समिति, उद्योगी व्यवसायीहरु समेतको सहयोगमा करिव ३२ लाख वरावरको राहत सामग्री वितरण गरिएको छ । प्रत्येक वडामा क्वारेन्टाइन स्थापना गरी भारत लगायत अन्य मुलुकबाट आउनुहुने नेपाली नागरिकहरुलाई १४ दिन सम्म क्वारेन्टाइनमा राखी स्वास्थ्य परिक्षण नेगेटिम देखिएकाहरुलाई घरमा पठाउने गरिएको छ ।

दोभान चौकीमा स्वास्थ्य हेल्पडेक्स राखी उक्त वाटो भई आउने यात्रुहरुको स्वास्थ्य परिक्षण गरिदै आइरहेको छ । यस घडीमा  राहत सामग्री सहयोग गर्ने दाताहरु, क्वारेन्टाइनमा सहयोग गर्ने कर्मचारी , जनप्रतिनिधि लगायत अन्य मित्रहरु र लकडाउनका समयमा दिनरात अहोरात्र खटीनु भएकाजनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी लगायत दोभान चौकीका सुरक्षाकर्मी मित्रहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु

आ.ब. २०७६।०७७ को वजेट कार्यान्वयनमा कर्मचारी सरुवा लगायत विविध कारणले केहि ढीलो हुन गएकोमा लकडाउनको कारण झन ढिलो हुन पुगेकोमा लकडाउन सुरुभएको १ महिना पछि हामी जनप्रतिनिधि र कर्मचारीहरुले भौतिक तथा सामाजिक दुरी कायम गरी विकास निर्माणको कामलाई पुन अगाडी बढाउने निर्णय गरि गाउँपालिकामै वसेर विकास निर्माणको कामलाई अगाडी वढाउदै आएका छौ । टेण्डर वाट गरिने बहुवर्षीय योजना र वजेट ढिलोगरी आएका योजनाहरु वाहेक अन्य योजनाहरु धेरै जसो सम्पन्न भैसकेका छन भने केही सम्पन्न हुने अवस्थामा छन । लकडाउनको अवस्थामा पनि चौविसै घण्टा खटिने प्राविधिक फाँट, लेखाफाँट, योजना फाँट, सूचना प्रविधि फाँट लगायत सम्पूर्ण कर्मचारी  ,जनप्रतिनिधि मित्रहरु, उपभोक्ता समिति लगायत तिनाउका जनताहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

तिनाउ गाउँपालिका बाट भारत लगायत अन्य वाहिरी मुलुकमा गएका १४५८ जना रहेकोमा करिव १३०० जना अहिले पनि विदेशमै रहेका र घरमा आउनेक्रम जारी रहेको छ । घर आउने व्यक्तीहरुलाई अनिवार्य रुपमा २ हप्ता क्वारेन्टाइनमा राख्ने र नेपाल भित्रकै वाहिरी जिल्ला बाट आउनेलाई होम क्वारेन्टाइनमा वस्नु पर्नै नियम वनाइएको छ । क्वारेन्टाइनमा वसेकाहरुलाई २ हप्ता पुगे पछि आर.डि.टि. टेष्ट गरी घरमा पठाउने गरिएको छ । हाल सम्म तिनाउ गाउँपालिकामा कोरोना संक्रमण पोजेटिभ देखिन सुरु भएकोछ । तर छिमेकी गाउँपालिकाहरुमा केहि अगाडी देखिनै कोरोना संक्रमण देखिएकोले यस गाउँपालिका

पनि उच्च जोखिममा रहेकोले सामाजिक तथा भौतिक दुरी कायम गर्ने, सरसफाईमा ध्यान दिने र वाहिर बाट आएकालाई अनिवार्य क्वारेन्टाइनमा राख्ने गर्न जरुरी छ ।

तानसेन नगरपालिका, माथागढी गा.पा., वग्नासकाली गा.पा., र तिनाउ गा.पा. मिलेर तानसेनमा कोरोना संक्रमितलाई उपचार गर्न आइसोलेसन अस्पताल स्थापना गरिएको छ , त्यसको लागि तिनाउ गाउँपालिकाले ६ लाख ९० हजार पठाइसकेको छ । भारतवाट आएका नागरिकहरुलाई वोर्डरवाट ल्याएर राख्न तानसेनमा होल्डीङ क्वारेन्टाइन स्थापना गरिएको छ जसको संचालनको लागि तिनाउ गाउँपालिकाले १ लाख रुपैया तानसेन नगरपालिकालाई उपलब्ध गराएको छ । तिनाउ गाउँपालिकाले वाहिर बाट आएका व्यक्तिहरु, संभावित जोखिममा काम गरेका स्वास्थ्यकर्मी, कर्मचारी, जनप्रतिनिधि लगायत अन्य सम्भावित व्यक्तीहरुको कोरोना संक्रमण परीक्षण गर्न पि.सि.आर.किट्स खरिद गर्न तत्काललाई २ लाख विनियोजन गरि खरिद गरिएकोछ ।

अब कोरोनाको संभावित जोखिम संग जुझ्दै सामाजिक वा भौतिक दुरी कायम गर्दै विकास निर्माणको कामलाई पनि तिब्रता दिइने छ । कृषि, पशुपालन, व्यवसायिक तालिम, वनवातावरण आदिमा यस बर्षको बजेटमा प्राथमिकता दिइनेछ । हामी जनप्रतिनिधि र कर्मचारीहरु जनताका सेवक हौं भन्ने वोध गराइने छ ।

**अब म**

**आर्थिक वर्ष २०७७०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु**

**सडक तर्फ**

तिनाउ गाउँपालिका भित्रका सडकहरु मध्ये सिद्धार्थ राजमार्गको चिडियाखोला देखि गौडेपुल सम्मको तिनाउ क्षेत्रको हाइवे र दोभान नुवाकोट वेलवास सडक केन्द्र सरकार मातहत भएकोले केन्द्र सरकारवाट बजेट विनियोजन भई सडक डिभिजन कार्यालय मार्फत कार्यान्वयन भैरहेको छ । यस आ.ब.मा सिद्धबाबा सुरुङ मार्गको काम सुरु हुनेछ । यसको लागि नेपाल सरकारले १० अरब वजेट सुनिश्चित गरी विनियोजन गरी सकेको छ । चिडियाखोला वासटारी सडक खण्ड मर्मत सुधारको लागि ७ करोड ५० लाख वजेट विनियोजन भएको छ जुन तिनाउ क्षेत्रमै मर्मत संभारको काम हुनेछ । दोभान नुवाकोट वेलवास सडक खण्डमा यस आ.ब.मा २ पक्कीपुल निर्माण सम्पन्न भई संचालनमा आउने छ साथै केन्द्रवाट परेको ४० लाख वजेटले सडक स्तरोन्नतीको काम हुनेछ । प्रदेश सरकार बाट बजेट विनियोजन भई झुम्सा- चौकीभन्ज्याङ-चरङगे मोटरवाटोको स्तोन्नतीको काम अगाडी वढीरहेको छ । यस बर्ष उक्त बाटोमा प्रदेश सरकार बाट पुल, कलभर्ट र कजवे समेत निर्माणकोलागि बजेट विनियोजन भएको छ । डुम्रे-चकल्दी-कुसुखोला सडक राष्ट्रिय पून निर्माण प्राधिकरण मार्फत १४ करोड ९० लाख वजेट विनियोजन भई आ.ब. २०७६।०७७ बाट निर्माण सुरु भएको मा यस आ.ब.मा डुम्रे मोटरेवल पक्की पुल निर्माणको लागि ८ करोड वजेट विनियोजन भई कार्य प्रारम्भ हुने अवस्थामा छ । झिगामारा कचल विचको कचल खोलामा यस आ.ब. मा पक्कीपुल निर्माणको कार्य सम्पन्न हुदैछ । यस्तै गरी चरचरे कोलडाडा विचको तिनाउखोलामा पक्की पुलको निर्माण कार्य सुरुभएको छ ।

यी सडक बाहेक तिनाउ गाउँपालिकाका भित्रका अन्य सडकहरु तिनाउ गाउँपालिका स्तरीय सडकहरु हुन । मुख्यगरी दोभान-हरियालीगाउ-झिगामारा-बल्ढेङगढी सडक, रानीवगिया- झिगामारा-चहला-जुठापौवा सडक, दोभान-ओखलढुंगा-डेडु-अमलावास सडक, झुम्सा-गोवरवन्दी- सत्यवती-जगात सडक, चरचरे-घुङग्राछाप-कसेनी सडक, डुम्रे-मस्याम-वतासे सडक अन्य गाउँपालिका जोड्ने प्रमुख सडकहरु हुन ।

तिनाउ गाउँपालिका वडा नं. १ को कचल र वडा नं. ४ को सत्यवती सम्म बर्षादका समयमा अझैपनि सवारी साधन संचालन हुन नसेको अवस्था छ । वडा नं. १ को केन्द्र सम्म सहजरुपमा सवारी संचालनको लागि यस आ.ब.मा खुर्सानी कचल मोटरवाटो मा पर्ने कुर्मान खोलामा कलभर्ट निर्माण गरी आरखोदी- हात्तिमारा क्षेत्रमा ग्राभेल गरीनेछ । रानीवगिया -झिगामारा कचल मो.वा. ग्राभेल गरिने छ । वडा नं. ४ को केन्द्र सत्यवती सम्म सहजरुपमा सवारी संचालन गर्न उक्त वाटोमा पर्ने गोवरवन्दीमा प्रदेश सरकारवाट पक्की पुल निर्माणका लागि १ करोड बजेट विनियोजन भएको छ । वेसी देखि सत्यवती सम्मको सड्क स्तरोन्नती गरिने छ ।

तिनाउ गाउँपालिकामा रहेको सेरोफेरोमा एक वसपार्क निर्माण सुरु गरिनेछ ।

यस्तै गरी

- दोभान- झ्याङला- खुलखुले- हरियालीगाउँ- हापुर-नुवाकोट-गणेशटोल-दोभान रिङरोडको रुपमा विकास गरिदै लगिने छ ।
- घोडेवास-बडहरे-मारावास-सुकेताल-पासकुण्ड-डोल-घोडेवास रिङरोड को रुपमा विकास गरिदै लगिने छ ।

- झुम्सा- वेरुवा- चौकीभन्ज्याङ- हात्तिकोट- बसन्तपुर- गड्डा-भुतखोला-झुम्सा रिङरोड, र झुम्सा-गोवरवन्दी-लगाड-सत्यवती-गिजीन्चौर-डुडाखोला-जल्माघाट-झुम्सा रिङरोडको रुपमा विकास गरिदै लगिनेछ ।
- मरेक सिस्नेखोला मस्याम अन्तर्गत पर्ने सिस्नेखोलामा कलभर्ट निर्माण गरी वर्षादको बेलामा पनि सवारी साधन चल्नसक्ने वनाइने छ ।
- डुम्रे- विकासडाडा- कोलाङ- चिदिस- सिखरडाडा- गुफचौर मोटरवाटो स्तरोन्नती गरिनेछ ।

रानीवगिया झिगामारा कचल मो.वा., दोभान झ्याङला हरियालीगाउँ मो.वा., चरचरे-कोलडाडा मोटरवाटो प्रदेश सरकारवाट स्तरोन्नतीको कार्य संचालन भैरहेको छ ।

दोभान ओखलढुंगा बुढीकोट मो.वा., झुम्सा मरेक मो.वा., पानीमिल श्रीडाडा चुनखानी क्षेत्रको मो.वा.पहुँचमार्गको रुपमा केन्द्र सरकारले निर्माण गरेको र सम्वन्धित खानी संचालक बाट मर्मत सम्भारको काम भैरहेको छ ।

डुम्रे मस्याम क्षेत्रमा फलाम खानी परेकोले खानी संचालकवाट मोटरवाटो स्तरोन्नतीको काम भैरहेको अवस्था छ ।

अन्य वाटोहरु गाउँपालिका बाट स्तरोन्नती गरिनेछ । तिनाउ गाउपालिकामा मोटरवाटोहरु धेरै भएका र धेरै जसो सडकहरु चुरे क्षेत्रमा रहेको र चुरेको जमिन कमजोर भएकोले सानो पानी पर्ने वित्तिकै सबै वाटोहरु वन्दहुने अवस्थाका छन । सबै सडकहरुमा गाउपालिका पुगेर मर्मत संभार गर्न जटील छ । सानोतिनो मर्मतलाई पनि गाउपालिकाको मुखताकेर वस्दा महिनौ सम्म पनि वाटो खोल्न नसकिने अवस्था आउन सक्छ ।

अतः आफ्नो टोल बस्तीको मोटरवाटो वर्षादको वेलामा टोल बस्तीका व्यक्तिहरुले नै मर्मत संभार गर्ने, नाली वनाउने खाल्टाखुल्टी पुरेर सवारी संचालन गर्नु आवश्यक छ । यसका लागि जनप्रतिनिधिहरुले “बाटो हाम्रो हो हिड्ने हामीनै हौ, विग्रेको वाटो वनाउन सबै जानेहो” भन्ने नारा लिएर जनपरिचालन गरिनेछ ।

# खानेपानी तथा सरसफाई तर्फ

## “एक घर एक धारा सफल पार्छौ हाम्रो नारा”

स्वच्छ खानेपानी र सरसफाई स्वास्थ्य र सभ्यताको मूल सूचक हो । तिनाउ गाउँपालिकाले एक घर एक धाराको नीति लिएको छ । कतिपय स्थानमा टाठावाठा र हुनेखानेको घरमा चौविसै घण्टा धारामा पानी आउने, गरिव निमुखाको घरमा न धारा न पानीको अवस्था रहेको छ । अव तिनाउ गाउपालिका क्षेत्रभित्र त्यस्तो अवस्था रहन दिनु हुदैन भनी प्रत्येक घरमा मिटर बक्स सहितको खानेपानीको सुविधा उपलब्ध गाराइदै लगिने छ । प्रत्येक वस्तीमा खानेपानी उपभोक्ता समिति गठन गरी निश्चीत शुल्क तोकेर मासिक शुल्क उठाउने र सो रकम वाट एक कोष खडा गरी नियमित मर्मत संभार तथा रेखदेख, मिटर रिडिङ समेतको

व्यवस्था समिति मार्फत गरिन् छ । यस्ता खानेपानी योजनामा रु. ५० हजार र सो भन्दा माथीको ठुलो खालको खर्च आएमा त्यस्तो खर्च गाउपालिका वाट गरिने छ ।

तिनाउ गाउँपालिका भित्र धेरै गाउँमा खानेपानीका योजनाहरु सम्पन्न भैसकेका छन् । डढेगाउँ लिफ्ट खानेपानी योजना, सिखरडाडा लिफ्ट खानेपानी योजना, पाखापानी खानेपानी योजना, ताल कुडापानी खानेपानी योजना, ओखलढुंगा खानेपानी योजना, कचल खानेपानी योजना, नुवाकोट खानेपानी योजना, तिनाउ खानेपानी योजना,घुँघरा खानेपानी योजना लगायतका योजनाहरु हाल संचालनमा आएका खानेपानी योजनाहरु हुन । अर्खले खानेपानी योजना, पाटन खानेपानी योजना, बेलडाडा खानेपानी योजना गड्डा खानेपानी योजना, चिउरे खानेपानी योजना, लगायतका योजनाहरु आगामी दिनमा सम्पन्न गर्ने लक्ष राखिएको छ ।

नेपाल रेडक्रस सोसाइटी को प्राविकि तथा आर्थिक सहयोग, सुआहारा कार्यकमको प्राविधिक सहयोर र तिनाउ गाउपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम संचालन भैरहेको छ । आ आफ्नो टोल बस्तीमा प्रत्यक महिनाको १ र १५ गते सरसफाई अभियान संचालन गरिनेछ ।आब.०७७।०७८ मा यस गाउँपालिकालाई पूर्ण सरसफाइ उन्मुख गाउपालिका घोषणा गरिने छ ।

## सिंचाई तर्फ

कृषिको विकासको लागि सबैभन्दा ठुलो भूमिका सिंचाईको रहेको हुन्छ । तिनाउका सबै वडामा सानाठुला फाँटहरु रहेका छन । तिनाउ गा.पा. वडा नं. १ मा कचलफाँट, ओखलढुंगा फाँट, जलुके फाँट, हात्तिमारा फाँट, वडा नं. २ मा झ्याङला फाँट, बुढासटक फाँट, पासकुण्ड फाँट, कुसुमडाडा फाँट, घोडेवास फाँट, वडा नं. ३ मा लग्दुवा फाँट, वेलदमार फाँट, अर्घाछाप फाँट, वडा नं. ६ मा सिस्नेखोला फाँट, डुम्रे वाह्रविसे क्षेत्रका फाँट, लगायतका अन्य फाँटहरु रहेका छन ।

विगत वर्षहरु देखिनै कचल फाँट सिंचाईको लागि केन्द्रीय योजना वाट काम हुदै आइरहेकोमा हाल गाउपालिकाको पहलमा उक्त योजना सम्पन्न गर्ने गरी प्रदेश सरकारवाट करिव १० करोडको लागतमा कचल फाँट सिंचाई योजना संचालनमा रहेको र आगामी २ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य देखिन्छ । जलुके फाँट सिंचाई योजना को करिव १ करोडको लागतमा  प्रदेश सरकार वाट संचालनमा रहेको छ र उक्त योजना यसै आ.ब. भित्र सम्पन्न हुने हुनेछ ।  अरु केहि साना सिंचाई आयोजनाहरु केन्द्रीय योजनावाट र केहि योजनाहरु गाउँपालिका वाट संचालन भैरहेका छन ।

धान खेतीहुने फाँटहरुका लागि ठुला कुलाहरु निर्माण गर्नु आवश्यक छ तर तरकारी खेती तथा अन्य नगदेवाली का लागि साना सिंचाई कुलो, पाइप सिंचाई , थोपा सिंचाईको माध्ययमवाट सिंचाईको व्यवस्था मिलाइने छ  ।

पानीको श्रोत नभएको स्थानहरुमा वर्षादको पानी संकलनका लागि उपयुक्त स्थानहरुमा पोखरी निर्माण गरी आकाशे पानी संकलन गर्ने, कृषि अनुदानमा प्लास्टिकका पोखरीहरु निर्माण गरिने, घर गोठका वलेनीको पानी ट्यांकीमा जम्मा गर्ने, जुठ्यान वाट निस्कने पानीलाई पनि टंकीहरुमा जम्मा गरी थोपा सिंचाइको माध्ययम बाट करेसा वारीको तरकारी तथा फलफूलहरुमा सिंचाई गर्न प्रोत्साहन गरिनेछ ।

## कृषि तथा पशुपालन तर्फ :

तिनाउ गाउँपालिका कृषि तथा पशुपालनको लागि उर्वर भूमि हो । यहाँ साना साना देखि ठुला ठुला खेति योग्य फाँटहरु रहेका छन । यस गाउपालिकाले कृषिमा आधुनिकीकरण गर्न सके कृषि उत्पादनमा आत्मनिर्भर मात्र होइन निकासी समेत गर्न सकिने अवस्था रहेको छ । तिनाउ देखि ५ नं. प्रदेशको सदरमुकाम रहेको बुटवल बजार र तानसेन बजार नजिकै रहेकोले उत्पादनलाई विक्रीका लागि वजार सम्म पुऱ्याउन सजिलो छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम वडा नं. २ देखि ६ सम्म लागु गरी व्यवसायिक तरकारी खेती गर्ने किसानहरुलाई आवश्यक तालिम, प्रविधि र सामग्री वितरण गरिएको छ भने मुख्यमन्त्री ग्रामीण विकास परियोजना मार्फत वडा नं. १ र ६ मा तरकारी खेती सम्वन्धी तालिम तथा सामग्री वितरण, वाखापालन कार्यक्रम अन्तर्गत वाखा वितरणका साथै खोर सुधारको कार्यक्रम संचालन गरिएको । विपन्न दलित परिवारलाई गाई भैसी पालनमा ७५ /२५ को साझेदारीमा पशुचौपाया वितरण का कार्यक्रमहरु तिनाउ गाउपालिका कृषि शाखा मार्फत संचालन गरिएको ।

पशुपालका लागि यस गाउपालिका मा प्रसस्त खुला वनक्षेत्र, सामुदायिक वनक्षेत्र, सरकारी वनक्षेत्र रहेकाले चरीचरनको लागि घासको समस्या पर्दैन अतः तिनाउ गाउँपालिकाले कृषि र पशुपालकोलागि पकेट क्षेत्र घोषणा गरेर कार्यक्रमलाई अगाडी वढाइरहेको पनि छ ।

- ओखलढुंगा, कुडापानी, दोभान, झुम्सा, लग्दुवा, सत्यवती, कोलडाडा र मस्याम लगायत यातायात र पानीको सुविधा भएका क्षेत्रहरुलाई तरकारी पकेट क्षेत्रको रुपमा विकास गर्दै लगिने छ ।
- ओखलढुंगा लाई अमृसो, माहुरीपालन र वाखापालनको पकेट क्षेत्रको रुपमा विकास गरिदै लगिनेछ ।
- कचल, झ्याङला र लग्दुवा क्षेत्रलाई आलु तथा अर्गानिक अन्न उत्पादन पकेट क्षेत्रको रुपमा विकास गरिदै लगिने छ ।
- वेरुवा, ज्यामिरे, सत्यवती, मरामकोट, कोलडाडा क्षेत्रलाई दालचिनी पकेट क्षेत्रको रुपमा विकास गरिदै लगिने छ ।
- सत्यवती र मस्यामलाई कफि उत्पादन क्षेत्रको रुपमा समेत विकास गरिदै लगिने छ।
- सिस्नेखोला, झ्याङला लाई माछा पकेट क्षेत्रको रुपमा विकास गरिदै लगिने छ ।
- भूतखोला अर्घाछाप क्षेत्रलाई च्याउ पकेटक्षेत्रका साथै फूल उत्पादन पकेटक्षेत्रका रुपमा विकास गरिनेछ ।
- झिगामारा, ठुलीउदाङ, हरियालीगाउँ, बेसी ज्यामिरे, कोलडाँडा गीजिनचौर, हात्तिकोट ओढारखोला, पाताल क्षेत्रलाई बाखा पालन क्षेत्रको रुपमा पकेट क्षेत्र वनाई विकास गरिदै लगिने छ ।
- चिदीस, पाटन क्षेत्रलाई महुरी पालन पकेट क्षेत्रको रुपमा विकास गरिने छ
- डुम्रे, झुम्सा, दोभान क्षेत्रलाई दुग्ध उत्पादन पकेट क्षेत्रको रुपमा विकास गरिदै लगिने छ ।
- झिगामारा, झ्याङला, मरामकोट, लगाड, सुकेताल र जन्तीलुङ लगायतका क्षेत्रलाई लोकल कुखुरा पलन क्षेत्रको रुपमा विकास गरिने छ ।
- मस्याम क्षेत्र लाई वृहत कागती उत्पादन क्षेत्रको रुपमा विकास गरिने छ ।

- विस्कुनडाँडा, घुँघराछापलाई बंगुरपालन तथा कुखुरापालन क्षेत्रको रुपमा विकास गरिने छ
- कोभिड १९ का कारण विददेशवाट रोजगारी गुमाई फर्केका युवाहरुलाई लक्षितगरी अनुदान कार्यक्रम मार्फत व्यवसायीक खेती तथा पशुपालन तर्फ उन्मुख गराउन आवश्यक पहल गरिनेछ ।
- रासायनिक मल तथा रासायनिक विषादीको प्रयोगलाई न्यूनिकरण गरिदै जैविक मल तथा जैविक विषदीको प्रयोगलाई प्राथमिकतामा राखिनेछ ।

**कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि निम्न अनुसारको कार्यक्रम संचालन गरिने छ ।**

- तरकारी उत्पादक कृषक समुह गठनगरी तालिम र उन्नत जातका विउविजन, प्लास्टिक टनेल, प्लास्टिक पोखरी अनुदानमा वितरण गरिने छ ।
- धानको विउ, मकैको विउ, गहुँको विउ तथा दालहनका विउहरु अनुदानमा वितरण गरिने छ ।
- मिनिटेलर (हाते ट्याक्टर), थ्रेसर मेसिन र दाना बनाउने मेसिन ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइने र उक्त मेसिन मर्मतका लागि आवश्यक जनशक्ति उत्पादनका लागि तामिको आयोजना गरिने छ ।
- माछापालन, महुरीपालन तथा च्याउ खेतीमा अनुदान दिइने छ ।
- फलफूल रोपण गर्न खाडल तयार गरेका कृषकहरुलाई माटोपानी सुहाउदो फलफूलका विरुवा निशुल्क उपलब्ध गराइने छ ।
- प्लास्टिक पोखरी निर्माण गर्न खाडल खनि प्लास्टिक माग गर्नेलाई पलास्टिक उपलब्ध गराइने छ ।
- कृषकहरुको माग तथा औचित्य र आवश्यकताका आधारमा कृषिउपज संकलन केन्द्र स्थापना गरिने छ ।
- सहकारी मार्फत दुध विक्रीका आधारमा अनुदान दिइनेछ ।
- सहकारी मार्फत उत्पादन तथा विक्री वितरण गरिने कृषि उपजमा अनुदान दिइने छ ।
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासंग आवश्यकता अनुसार साझेदारीमा समुहगत बाख्रापालन कार्यक्रम लागु गरिनेछ ।
- बाख्रा पलक कृषक समुहलाई आवश्यक तालिम तथा उन्नतजातका बोका अनुदान दिइने छ ।
- दोभान नर्सरी संग साझेदारीमा दालचिनी, फलफूल, घास तथा अन्य शौन्दर्यकरणका लागि आवश्यक विरुवा उत्पादन कार्यक्रम गरिने छ ।
- पशु तथा कृषि विमा मा ५० प्रतिशत अनुदान दिइने छ ।
- असिनाबाट पिडित किसानहरुलाई मकै तथा तरकारीको विउविजन वितरण गरिने छ ।
- कृषि तथा पशुसेवा शाखा बाट (औषधि, विषादी तथा सामान्य विउ विजन समेत उपलब्ध गराउने सेवा संचालन गरिनेछ ।
- कृषकहरुलाई साना, मझौला तथा ठूला कृषकको रुपमा वर्गिकरण गरि कार्यक्रम संचालन गरिनेछ ।
- अगुवा कृषक लाई तालिम तथा भ्रमणको व्यवस्था गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमलाई पशुविकास र कृषिमा प्राथमिकता दिइनेछ

❖ कोभिड १९ को कारण विदेशबाट घर फर्केका युवाहरुलाई कृषि उत्पादन सामग्री खरिदमा अनुदान दिइनेछ ।

## स्वास्थ्य तर्फ

नेपालको संविधानमा नै आधारभुत स्वास्थ्य सेवालाई जनताको मौलिक हकको रुपमा इंगित गरेको परिपेक्ष्यमा तिनाउँ गाउँपालिकाले पनि ४ वटा स्वास्थ्य चौकीहरु तथा ८ वटा सामुदायिक स्वास्थ्य इकाईहरुबाट आधारभुत स्वास्थ्य सेवा दिदै आएको छ । भौगोलिक विकटता, छरिएका वस्तीहरु, स्वास्थ्य जनचेतनाको कमी रहनुका बाबजुद पनि तिनाउ गाउँपालिकाले उपचारात्मक, प्रबर्द्धनात्मक, प्रतिकारात्मक र आधारभूत प्राथमिक उपचार सेवा पुऱ्याउन प्रयासरत रहेको छ ।

- कोराना भाइरस संक्रमण रोकथामको लागि विविध कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिकाबाट ८ ओटा सामुदायिक स्वास्थ्य इकाईका लागि करारमा कर्मचारीको व्यवस्थापन गर्ने तथा थप स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गर्नेछ ।
- यसै आ ब मा तिनाउ गाउँपालिका अन्तर्गतको दोभान स्वास्थ्य चौकीमा बर्थिङ सेण्टर र ल्याब सेवा र आँखा क्लीनिक पनि सुचारु गरिने छ ।
- यस आर्थिक वर्षमा पनि संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्न नेपाल सरकारले दिने यातायात खर्चको अलावा थप दुई हजार यातायात खर्च दिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गर्भजाचलाई प्रोत्साहन गर्न हरेक गर्भजाचमा एक क्यारेट अण्डा उपहार दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्यको क्षेत्रमा धरोहरको रुपमा रहेका महिला स्वास्थ्य स्वयम्सेविकालाई प्रोत्साहन गर्नका लागि मासिक रु एक हजार यातायात खर्चको व्यवस्था गरिने छ ।
- स्वास्थ्य संस्थाहरुलाई निशुल्क औषधि, उपकरण तथा अन्य आवश्यक सामानहरु उपलब्ध गराईने छ ।
- स्वास्थ्य क्षेत्रका सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्दै कार्यक्रमहरु अघि बढाईनेछ
- आगामी ३ बर्ष भित्रमा सम्पूर्ण स्वास्थ्य चौकीहरुबाट गर्भजाच, एच आई भि जाच तथा ५ किसिमका परिवार नियोजनका साधनहरु निशुल्क उपलब्ध गराईनेछ ।
- आगामी ५ वर्ष भित्रमा पालिका भित्र ४ स्थानमा प्रसुति केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइने छ ।
- स्वास्थ्य संस्थाहरुलाई आकस्मिक अवस्थामा औषधिको आपुर्ति गराउन नगद अनुदानलाई थप व्यवस्थित गरिनेछ ।
- तिनाउ गाउपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई आगामी २ बर्ष भित्रमा पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्न आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ ।

- स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेको क्षेत्रमा प्रत्येक हप्ताको १ दिन नियमित गाउँघर क्लिनिक सेवा सञ्चालन गरिनेछ ।
- वडा नं. ६ को कोलाङ र वडा नं. ४ को लगाडमा स्वास्थ्य इकाई स्थापना गरिनेछ ।
- स्वास्थ्य संस्थामा गर्भजाचलाई प्रोत्साहन गर्न तथा गर्भजाच गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई थप यातायात खर्च र प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- प्रत्येक स्वास्थ्य चौकीहरुमा आईस प्याकको व्यवस्थापन गरी खोप कार्यक्रमलाई प्रभावकारी बनाउन रेफ्रिजेरेटरको व्यवस्थापन गरिनेछ ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नुका साथै विद्यार्थी र अभिभावकहरुलाई पनि विद्यालय उमेर समुहमा देखिने स्वास्थ्य समस्या तथा मनोविज्ञानको बारेमा अभिमुखिकरण गरिनेछ ।
- नसर्ने रोगहरुको स्थितिलाई नियन्त्रण गर्न विद्यालय, आमा समुह, सम्पूर्ण टोल बस्तिहरुमा नसर्ने रोग सम्बन्धि अभिमुखिकरण गरिनेछ ।
- क्षयरोग विरामीलाई निशुल्क पाईरीडोक्सिन भिटामिन वितरण गरिनुका साथै समुदायमा आधारित डट्स सेवालाई प्रभावकारी गराउन थप कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सम्बन्धि शिविरहरु निरन्तर सञ्चालन गरिनेछन ।
- विद्यालयका कक्षाकोठाहरुमा खोप, परिवार योजना, पोषण तथा अन्य स्वास्थ्य सम्बन्धि जानकारीमुलक सुचनाहरु टास गरी स्वास्थ्य सेवाको बारेमा विद्यालय स्तर देखि नै विद्यार्थीहरुलाई जानकारी गराईनेछ ।
- यसै आ.ब. देखि एम्बुलेन्स संचालन कार्यविधी वनाई रेडक्रस सोसाइटी तिनाउ उपशाखा मार्फत संचालन मा ल्याइनेछ ।

## शिक्षा तर्फ

तिनाउ गा.पा.अन्तर्गत विद्यालयमा आधारित बाल विकास केन्द्र ३३ वटा र समुदायमा आधारित ८ वटा गाउपालिका वाट अनुदान प्राप्त ३ गरी ४४ बालविकास केन्द्र रहेका छन । यस पालिकाभित्र माध्यामिक विद्यालय ९ वटा, आधारभूत विद्यालय ११ वटा र प्राथमिक विद्यालय २० गरी ४० वटा विद्यालय संचालनमा रहेका छन ।

- चालु आ.ब.मा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम बाट प्रत्येक मा.वि. हरुलाई शैक्षिक सामग्री तथा स्टेशनरी वितरण गरियो ।
- दुई आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरुलाई निशुल्क स्वास्थ्य विमा गरिएको ।
- ५ वटा विद्यालयका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिएको ।
- ३ वटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरलाई ड्रेस वितरण गरिएको ।

१. आधारभूत तहका विद्यालयहरुमा आउँदो शैक्षिक सत्र देखि अनिवार्य रुपमा १ देखि ३ सम्मको कक्षामा अंग्रेजी माध्यमबाट अध्यापन गराइने कार्यलाइ निरन्तरता दिइने छ ।
२. यस गाउपालिका भित्रका मा.वि विद्यालयहरुलाई आवासिय विद्यालयको रुपमा विकास गरिदै लगिने छ ।
३. पालिकाभित्र रहेका अभिभावक विहीन असहाय, अनाथ बालबालिकालाई माध्यमिक स्तर सम्मको शिक्षामा विशेष सहयोग गरिने कार्यक्रम ल्याइने छ ।

४. विद्यालय सुधार तथा सुशासनको लागि माध्यामिक विधालयमा विद्युतिय हाजिरको व्यावस्था लाई निरन्तरता दिइने छ ।

५. आवश्यकता अनुसारको शिक्षक तालिमको व्यवस्था गरिने छ ।

६. विधालय स्तरिय विभिन्न अतिरिक्त क्रियाकलाप तथा प्रतियोगिताहरु आयोजना गरिने छ

७. विधालय अनुगमन र निरिक्षण नियमित व्यवस्थित र वैज्ञानिक गरिने छ ।

८. उत्कृष्ट विधालय, विधार्थीलाई पुरष्कृत गरिने छ ।

९. बालविकास केन्द्रको वसाई व्यवस्थापन तथा शिक्षिकाहरुलाई विशेष प्रोत्साहनका कार्यक्रम ल्याइने छ ।

१०.स्थानीय पाठ्यक्रम निर्माण गर्न विज्ञहरुको सल्लाह सभ्फाव परामर्श, छलफल अन्तरकृया लिई पाठ्यक्रम तयार गरी क्रमश लागु गरिनेछ ।

११. विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान गरिने छ ।

१२. मस्याम एकिकृत क्याम्पसलाई शैक्षिक सामग्री तथा फर्निचरमा सहयोग गरिनेछ ।

## भवन तर्फ

आधुनिक र सुरक्षित भवन गाउँपालिकाको गहना हो । गाउँपालिकाले भवन निर्माणमा भूकम्प प्रतिरोधी घर निर्माण गर्ने, घर बनाउदा गाउँपालिकाले नक्शापासको व्यवस्था मिलाउने । मोटरवाटोको किनारमा घर वनाउदा तोकिएको सडकको मापदण्ड पुरागरी भवन निर्माण गर्ने व्यवस्था मिलाईने छ ।

- तिनाउ गाउँपालिकाले करिव रु.६ करोड को लागत अनुमान तयार भएकोमा पहिलो वर्ष २ करोड ६९ लाखमा पहिलो तलाको कार्यालय भवन निर्माणको कार्य यसै आ.ब. देखि सुरुगरी आगामी आ.ब.०७७।७८ मा एक तला भवन पुरा गर्ने गरी ठेक्का संभ्फौता भैसकेको छ र आगामी बर्ष भित्र पुरै भवन सम्पन्न गरिने छ ।
- लाइभस्टक इनोभेसन प्रोजेक्टको सहयोगमा तिनाउ २ दोभान मा १ करोड ५० लाखको लागतमा पशुसेवा भवन निर्माण सुरु भएकोमा यसै आ.ब.मा सम्पन्न हुनेछ ।
- करिव रु. १ करोण १८ लाखको लागतमा तिनाउ ३ भ्फुम्सामा तिलोत्तमा प्राविधिक शिक्षालय भवन यस आ.ब.मा सुरु गरिएको र यसै आ.ब. ०७७।०७८ मा सम्पन्न गरिने छ ।
- तिनाउ गाउँपालिकाको बहुउद्देश्य सभाहल आगामी आ.ब. मा सम्पन्न गरी संचालनमा ल्याइने छ ।

- वडा नं. ४ र ५ को वडा कार्यालय भवन यस आ.ब. ०७७।०७८ मा सम्पन्न गरिने छ ।
- वडा नं. ३ र ६ को वडा कार्यालय भवन यसै आ.ब.०७७।०७८ बाट सुरु गरिनेछ ।
- राष्टिय पुनःनिर्माण प्राधिकरणवाट गत वर्ष ज्ञानोदय मा.वि ओखलढुंगा. , जनप्रा.वि.ताल, वेलचौर प्रा.वि. आरखुदी, सिद्ध प्रा.वि. ठुलीउदाङ, जनदिप मा.वि. मस्याम, बुद्धविकास मा.वि. कोलडाडा, पाटन आधारभूत विद्यालय मस्याम, गरी ७ वटा विद्यालय भवनहरुको निर्माण कार्य सम्पन्न भएका छन ।
- प्रदेश सरकारको वजेट वाट थानीडाडा मा.वी. वगाहामा चारकोठे भवन निर्माण सम्पन्न भएका छन ।
- शिक्षा तर्फको वजेटवाट कल्याणी आधारभूत विद्यालयमा ४ कोठे र मस्याम मा.वि. मा ४ कोठे भवन र जनदीप मा.वि. डुम्रे मा ४ कोठे भवन सम्पन्न भएका छन । यस्तै गरी सत्यवती प्रा.वि. लगाड, आदर्श आधारभूत विद्यालय ज्यामिरे, युवाबर्ष मा.वि. कचाल, दोभान मा.वि. दोभान, वेलचौर प्रा.वि. आरखुदी, कालिका आधारभुत विद्यालय सेुकेताल मा भवन निर्माण सम्पन्न भएका छन ।
- राष्टिय पुनःनिर्माण प्राधिकरणवाट यस आ.ब. मा युवाबर्ष मा.वि. कचल, जनप्रावि. ताल, वेलचौर प्रा.वि. आरखुदी, दोभान मा.वि. दोभान, तिलोत्तमा मा.वि. झुम्सा, कल्याणी आधारभूत विद्यालय चौविसमाइल, देविश्वरी प्रा.वि. बुढीकोट, पृथ्वी प्रकाश मा.वि. सत्यवती , मस्याम मा.वि. मस्याम, आदर्श आधारभूत विद्यालय विष्कुनडाडा गरी १० वटा विद्यालय भवनको निर्माण कार्य यसै आ.ब भित्र सम्पन्न हुनेछ ।
- कचल स्वास्थ्य चौकी भवन यसै आ.ब.मा सम्पन्न भई संचालनमा आउने छ ।
- स्वास्थ्य इकाई संचालन भएका स्थानहरुमा क्रमश भवन वनाउदै सेवा संचालन गरिने छ । भने आवश्यकता अनुसार विभिन्न स्थानमा सामुदायिक भवनहरु निर्माण गरिदै लगिने छ ।
- आ.ब.०७७।०७८ मा तिनाउ गाउँपालिकाको भवन निर्माण वर्ष हुनेछ ।

## विद्युतीकरण तर्फ :

विद्युतीकरण विकासको अनिवार्य सर्त हो । विद्युतीकरण विना आधुनिक समाजको कल्पना गर्न सकिदैन । तिनाउ गाउँपालिकामा जननिर्वाचित जनप्रतिनिधिहरु आइसके पछि वडा नं ६ को पाटनका ६५ घरधुरी , वडा नं. ४ को वौरीडाडाका ६५ घरधुरी, वडा नं. ४ कै थपनडाडाका ४० घरधुरी, वडा नं. २ को सुकेतालका ५० घरधुरी, लाई राष्ट्रिय प्रसारण लाइनमा समावेश गराइ सकिएकोछ ।

- तिनाउँ गाउँपालिकाका कतिपय स्थानका गाउ वस्तीमा राष्ट्रिय प्रसारणको विद्युत लाइन पुराउन सकिएको छैन । हाल कचलफाँट, बुढीकोट, काफलवारी, ओखलढुंगा, ताल, कुडापानी लगायतका गाउहरुमा केन्दीय र प्रदेशको गरी करिव ३ करोड ५० लाखको लागतमा विद्युतीकरणको कार्य भैरहेको र आगामी असोज कार्तिक सम्ममा विद्युतीकरणको कार्य सम्पन्न हुने लक्ष्य राखिएको छ ।
- गा.पा.को करिव १ करोडको लगानीमा पुराना काठकापोलहरु विस्थापित गरी फलामे पोलमा विद्युत लाइन सारीएको छ । अझै पनि कहि कतै काठेपोल भएमा उक्त पोलहरु विस्थापित गरी फलामे पोल राखीने छ ।
- यस्तै गरी खुर्साने , आरखुदी, कोलडाडा र विस्कुनडाडाको वाँकी गाउँ गीजिनचौर, मधुवन छापमा पनि आ.ब. ०७७।०७८मा विद्युतीकरण सम्पन्न गरिनेछ ।

त्यस पश्च्यात तिनाउको सवै टोल वस्तीमा विद्युतीकरणको कार्य सम्पन्न हुनेछ र विद्युतीकरणको कार्य पुरा भएपछि विद्युत चुलोमा अनुदानको व्यवस्था गरी वन वातावरण संरक्षणमा सहयोग पुऱ्याइने छ ।

## खानी, खनिज पदार्थ र नदिजन्य पदार्थ तर्फ :

तिनाउ गाउँपालिका खानी तथा खनिज पदार्थमा धनी गाउँपालिका हो । यहाँ हाल सम्म ६ वटा चुनढुंगा खानी र एक वटा फलाम खानी दर्ता भई संचालनमा आइरहेका छन र केही थप चुनढुंगा खानी र ढुंगाखानी दर्ता भई संचालन हुने अवस्थामा रहेका छन । हाल सम्म तिनाउँ गाउँपालिकामा खानी उद्योग संचालनको रोयाल्टीवाट उठेको रकमको १० प्रतिशतले हुन आउने रकम र थप वातावरणीय शुल्क भनी करिव ३ करोड रुपैया गाउँपालिकाको खातामा प्राप्त हुने गरेको छ । यस बाट केहि रोजगारीको सिर्जना भएको भएता पनि यसले वातावरण प्रदुषण, भू क्षय , वन विनासको खतरालाई पनि वढाएको छ । खानी संचालकले आफुले पुरा गर्नु पर्ने दायित्व भित्र पर्ने भू क्षय नियन्त्रण, वृक्षारोपण, धुलो नियन्त्रणलाई पुरागराउनु पर्दछ ।

यस गाउँपालिका भित्र साना ठुला गरी धेरै खोलानाला भएको भएता पनि प्रदेशको ऐनमा भएको त्रुटीका कारण नदिजन्य पदार्थवाट आम्दानी लिन नसकिएको अवस्था छ । आगामी दिनमा नदिजन्य पदार्थहरुको विक्री वितरण गरी गा.पा.को आम्दानी वृद्धि गर्ने तर्फ ध्यान दिइने छ ।

## संस्कृति र पर्यटन

संस्कृति हाम्रो सम्पदा हो यसमा संरक्षण गर्न हाम्रो दायित्व हो । गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक तथा जातीय संस्कृति संरक्षण गर्ने गरी गाउपालिकाले संस्कृति संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्न जरुरी छ । गाउँपालिका भित्र रहेका विभिन्न मठमन्दिर, गुम्वा र पुरातात्विक केन्द्रहरुको संरक्षण तथा संबर्द्धन गर्दै सवै संस्कृतिलाई समान महत्व दिने नीतिका साथ कार्यक्रम तर्जुमा गरिने छ । तिनै संस्कृति र सांस्कृतिक सम्पदाहरुसंगै पर्यटन विकासका सम्भावना खोजी गरी पर्यटन विकास बाट आर्थिक लाभ लिने तर्फ पालिकाले जोड दिनेछ  । प्राकृतिक सम्पदाहरुको पहिचान प्रचार प्रसार संरक्षण तथा सम्बर्द्धन गर्दै जनताको आर्थिक र सामाजिक विकास तथा एकता कायम गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरु सन्चालन गरिने छ । पार्क निर्माण, होमस्टे सन्चालन र प्रवर्द्धन सहित उच्च समस्थली भ-ूभागमा पोखरी र ताल तलैया निर्माण एवं संरक्षणका कार्यक्रमहरुलाइ निरन्तरता दिइने छ  ।

१. सिद्धवबाबा मन्दिर, नुवाकोट, सत्यवतिताल, सुकेताल, वसन्तपुर, गड्डा, हात्तीकोट, झ्याङ्गला, जन्तिलुङ्ग, मरामकोट, झिगामारा, ठुलिउदाङ्ग, गिन्टार कचलफाँट क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।
२. रामापिथेकश पार्क निर्माण गर्न प्रदेश मार्फत वजेट परी निर्माण कार्य संचलन भैरहेको छ । यस वर्ष गा.पा. वाट उक्त क्षेत्र विकासकोलागि वजेट विनियोजन गरी कार्यक्रमलाई अगाडी वढाइनेछ ।
३. नुवाकोटमा उजिर सिं थापा, मणिमुकुन्दसेन स्मृति पार्क सास्कृतिक डबली निर्माण सम्पन्न गर्न थप सहयोग गरिने छ ।
४. सत्यवतीताल पर्यटन प्रवर्धनका लागि गा.पा.को पहलमा केन्द्र सरकारवाट रु. १ करोड विनियोजन भएकोमा  गुरु योजना अनुसारका कार्यक्रम अगाडी वढाइनेछ  ।

५. तिन पोखरी ताललाई कृतिम ताल निर्माणका लागि गा.पाको अनुरोधमा प्रदेश सरकार वाट वजेट माग गरिएकोमा र यसै आ.ब.मा निर्माणकार्य शुभारम्भ गरिनेछ ।

६. सुकेतालमा संन्चालित होमस्टे प्रवर्द्धन गर्दै तालको क्षेत्र विस्तार गरि डुङ्गा सन्चालन भैसकेको हुँदा बाँकी प्रर्बद्धनका कार्यहरु अगाडी बढाइने छ ।

७. यस गा.पा. भित्र रहेका तालतलैया, झरनाहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिदै लगिने छ । प्रदेश सरकारबाट निर्माण अगाडी बढेको चुनमाया पार्कले निरन्तरता पाउनेछ ।

८. अविरल पार्कको निर्माण कार्यलाई प्रदेश सरकार संगको साझेदारीमा निरन्तरता दिने तथा गुफाचौर, देवीस्थान, कौडेलेक, माइला चौर पार्क, बोक्से खोला झरना, भूतखोलाको सिद्ध सरोवर, खुलखुले पार्क, अव्राहम पार्क, भर्तृहरी पार्क, चुनुमाया स्मृति पार्क, रेम्वो पार्क, लगायतका सम्भावित पर्यटकीय क्षेत्रको विकासलाई अगाडी बढाउदै लगिनेछ ।

९. निजी क्षेत्रबाट नुवाकोट, बसन्तपुर र सत्यवती तालमा सुरु गरिएको केवुलकार निर्माणको कामलाई गाउँपालिकाबाट आवश्यक सहयोग र सहजीकरण एवं सहयोग गरिनेछ।

१०. गाउँपालिका भित्र लुकेर रहेका प्रतिभाहरुलाई विविध कार्यक्रम मार्फत उजागर गरिनेछ ।

## न्यायीक समिति तर्फ :

यस गाउँपालिका अन्तर्गत संविधान एवं स्थानीय सरकार संचालन ऐन अनुसार उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय न्यायीक सर्मािति रहेको सबैमा विदितै छ । ऐन अनुसार तोकिएका न्यायिक क्षेत्राधिकार भित्र रही उजुरीदर्ता देखि न्यायिक निरुपण गर्ने काम यस समिति भित्र पर्दछ ।

आ.ब. ०७६।०७७ मा न्यायिक क्षेत्रमा विनियोजित रकम रु. ८ लाख वाट तपशिलक कार्यक्रमहरु भएका छन ।

- न्यायिक सचिवालयको व्यवस्थापन गरिएको छ ।
- ६ वटा मेलमिलाप केन्द्र स्थापना भएका छन ।
- नागरिकहरुकालागि ६ वटै वडामा न्यायिक सचेतना कार्यक्रम संचालन गरिएका छन ।
- नियमित रुपमा न्यायिक समितिको बैठक वसी न्यनयिक क्षेत्रका जटिलताहरु पहिचान गरी सम्वन्धित निकायमा परामर्श गरिएका छन ।
- आ.ब. ०७६।०७७ मा न्यायिक समितिमा ६ वटा उजुरी परि ६ वटै उजुरीको न्यायिक निरुपण सम्पन्न भएका छन ।

### यस आ.ब.मा गरिने कार्यक्रम

स्थानीय सरकार तिनाउ गाउँपालिका अन्तर्गत रहेका नागरिकहरु कोही पनि सामान्य देखि जटिल विवादका विषयहरु मध्ये आफुलाई प्राप्त अधिकारको निष्पक्ष, स्वतन्त्र तवरले न्यायिक निरुपण गरी सबैका लागि समान न्याय प्रदान गर्नु हाम्रो कर्तव्य हो समान न्याय प्रदान गर्न न्यायिक समितिका पदाधिकारी एवं कर्मचारी, मेलमिलापकर्ता, सहजिकरण गर्ने व्यक्ति एवं सम्पूर्ण नागरिकलाई न्यायको क्षेत्रमा सचेतना जगाउदै यसलाई आगामी दिनमा छिटो छरितो, विश्वासिलो एवं निष्पक्ष तवरले न्यायिक निरुपणलाई तिव्रता प्रदान गर्न तपशिलका कार्यक्रम संचालन गरिनेछन ।

- न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीलाई न्यायिक निरुपण सम्वन्धि पुनरताजगि तालिम संचालन गरिनेछ।
- मेलमिलाप कर्तालाई सहजीकरण गर्न सक्नेगरी क्षमता विकास तथा पुनरताजकी तालिम संचालन गरिनेछ।
- न्यायिक क्षेत्राधिकारका वारेमा नागरिक सचेतना सम्वन्धि तालिम संचालन गरिनेछ।
- महीला संजालका महिलाहरुलाई कानूनी सचेतना तालिम संचालन गरिनेछ

## सूचना प्रविधि तर्फ

पाल्पा जिल्ला तिनाउ गाउँपालिकालाई Digital Smart बनाउने अभियानको मूल आधार लिई र यस तिनाउ गाउँपालिका वडा सचिब र जनप्रतिनिधीहरु लगायत अन्य कर्मचरीहरुलाई ICT को महत्व वृद्धि तथा विस्तार गर्न सहयोग पुऱ्याउनु पर्ने देखिन्छ।

- सम्पूर्ण गाउँकार्यपालिका सदस्य, गाउँसभा सदस्य तथा विभिन्न उपसमिति संयोजक ज्यूहरुमाफ्र सुचना तथा संचार प्रणाली सुव्यवस्थित वनाउनका लागि स्मार्ट फोन तथा सुचना प्रबिधि तालिम संचालनमा ल्याइनेछ।
- सम्पूर्ण वडा कार्यालयहरुमा इन्टरनेटको पहुच पुगिसकेको छ त्यसैले इमेल अकाउन्ट तयार गरी Drop Box मार्फत फाइल तथा डकुमेन्टहरु सेयर गर्न गराउन Orientation तालिम दिइनेछ।
- गाउँपालिका बासी जनताहरुमा सुचना प्रबिधिको पहुच पुयाई विद्युतिय शुशाशन सेवालाई सेवाग्राही केन्द्रित गराउनका लागि Paper less अवधारणा लाई कार्यान्वयनमा ल्याउने। र उक्त कार्यलाई कार्यान्वयनमा ल्याउनका लागि सम्पूर्ण वडा सचिवहरुले सुचना प्रविधिको अत्यधिक प्रयोग गर्ने, प्रमुख शाखाहरु राजश्व संकलन, जिन्सी, योजना र प्रशासन जस्ताका सफ्टवेयर जडान गर्ने लगायत प्रशासनिक सम्पुर्ण काम काज कम्प्युटराइज गर्न ICT सम्बन्धि तालिम दिने व्यवस्था गरिनेछ।
- मोवाइल एपको प्रयोग गरि सुचना बढाउने। दिर्घकालिन योजना "Smart Life Digital Municipality" भन्ने अभियान चलाई गाउँपालिकाका जनताहरुलाई डिजिटल साक्षर वनाउदै शिक्षा शाखा संग समन्वय गरी यस गाउँपालिका भित्र रहेका विद्यालयहरुका शिक्षकहरुलाई ICT प्रयोग सम्बन्धि तालिम दिने व्यवस्था गरिने छ ।

## पुनः निर्माण प्राधिकरण कार्यक्रम तर्फ

२०७२ साल वैशाख १२ गते शनिबार गएको भूकम्पमा परी ८ हजार ५ सय ५६ जनाको मृत्यु भएको थियो भने २२ हजार ३ सय ९ जना घाइते भएका थिए। गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाएर गएको यो भूकम्पमा परी २ हजार ६ सय ७३ सरकारी भवनहरूमा पूर्ण क्षति, ३ हजार ७ सय ५७ वटा सरकारी भवनमा आंशिक क्षति भएको थियो। यसैगरी ६ लाख २ हजार २ सय ५७ वटा सर्वसाधारणका घर पूर्ण क्षति र २ लाख ८५ हजार ९९ घरमा आंशिक क्षति भएको थियो।

**संचालित कार्यक्रम र उपलब्धी**

- पाल्पा जिल्ला तिनाउ गाउपालिका पूर्ण क्षेतीमा पहिचान भएको लाभग्राही संख्या ३३४ रहेको छ जस मध्ये ३०१ लाभग्राही ले अनुदान सम्झौता गरेका छन् बाकी लाभग्राहीहरु लाई पनि सम्झौता गराउने प्रयास गर्दै लगिने छ ।
- पूर्ण क्षेतीमा पहिचान भएको लाभग्राही मध्ये १९४ जना घर निर्माण सम्पन्न गरि सकेका छन् भने बाकी लाभग्राहीहरु लाई पनि घर निर्माण गराउने प्रयास गर्दै लगिने छ ।
- स्थानिय तहमा प्राविधिकहरू खटिनुरपुग्नु अगाडी लाभग्राहीहरूले स्वयंले आफै घर निर्माण गरिसकेका २८ जनालाइ एकमुस्ट पुरै किस्ता अनुदान रकम निकासा गरियो र बाकी लाइ पनि अनुदान रकम निकासा गराउदै लगिने छ ।
- तिनाउ गाउपालिकामा दर्ता भयका जम्मा गुनासो संख्या ११८ मध्ये ३७ जनाको फर्छ्यौंट गरिएको बाकी लाइ पनि फर्छ्यौंट गराउदै लगिने छ ।
- तिनाउ गाउपालिकामा हाल सम्म पर्बलिकरणमा परेका जम्मा ५१ जना मध्ये ५ जनाको निरीक्षण गर्दा अति जिर्ण हुदा पूर्णक्षेतीमा परिबर्तन गर्न सिफिरिश गरिएको र आबस्यकता अनुसार अरुलाइ पर्बलिकरण गराउदै लगिने छ ।
- हाल सम्म १०० जना मानिसहरुको सिकर्मी डकर्मी तालिम दिइएको र आवस्यक परेमा थप तालिमको व्यवस्था गरिनेछ ।

मुख्य उपलब्धी तर्फ यस गाउँपालिकाको वाड नं. ५ कोल्डडाँडा लाइ पाल्पा जिल्लाकै पहिलो पुन निर्माण सम्पन्न वडा घोषणा गरिएको छ । बाँकी वडाहरुलाई पनि छिटो भन्दा छिटो पुन निर्माण सम्पन्न घोषणा गर्ने लक्ष्य राखिएको छ ।

बिद्यमान चुनौती तथा समस्याहरुको सामना गर्न स्वयंसेवक संस्कारको विकास र परिचालन, पूर्व चेतना प्रणालीको विकास र प्रयोग, गैर सरकारी संस्थासंगको सहकार्य, योजनावद्ध बस्ती विकास, भू उपयोग सम्बन्धी अध्ययन र उचित योजना, बैज्ञानिक अनुसन्धान र भवन निर्माण आचार संहिताको पूर्ण पालना गर्नु पर्ने देखिन्छ ।

## गरिबी न्यूनिकरण तथा रोजगारीमा बृद्धि : (प्रधानमन्त्री रोजगार कार्यक्रम)

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरेको छ । सोही मौलिक हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ जारी गरेको समेत गरेको छ । सोही अनुरुप आर्थिक बर्ष २०७५।७६बाट प्रधानमन्त्री रोजगार कार्यक्रम सुरु भएको छ ।

- स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारिको प्रत्याभुति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ ।
- सूचिकृत हुन छुटेका वेरोजगार युवाहरुलाई गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत गरिने छ ।

- बैदेशिक रोजगारी बाट फर्किएका,रोजगारी गुमाएका युवाहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गराउन उपलब्ध गराउने गरि आवश्यक व्यवस्था गरिनेछ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैह्रसहकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिइनेछ।
- युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिक्तामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइनेछ ।
- पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारलाई सामुदायिकमा संचालित आयोजनामा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ।
- आफ्नो माटो चिनौ, आफ्नै गाउँ बनाऔं स्वावलम्बन अभियान संचालन गरि युवाहरुलाई रोजगारीका अवसर पहिचानमा सहजीकरण गरिनेछ ।
- युवा रोजगारीका लागि **रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिक आधारित सामुदायिक आयोजना** संचालनलाई थप शसक्त रुपमा कार्यान्वयन गरिनेछ।
- कामको सम्मान, उपयुक्तस्वरोजगार, पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

## महिला तथा बालबालिका कार्यक्रम :

महिला विकास कार्यक्रम मुख्यगरी अनभिज्ञ, विपन्न, विभेदित तथा विकासका अवसरहरु नपाएका महिलाहरुको वैयक्तिक, आर्थिक र सामाजिक सशक्तिकरण गर्ने खालको हो । महिला तथा लक्षित वर्गको क्षेत्रमा धेरै कार्यक्रमहरु भएता पनि वास्तविक लक्षित वर्गसम्म कार्यक्रमको पहँच पुग्न सकेको देखिदैन तसर्थ नेपाल सरकारले लागू गरेका सशर्त अनुदानका कार्यक्रमहरुलाई यथावत् रुपमा लागू गर्दै पालिका स्तरबाट महिला तथा बालबालिका विकासमा वास्तविक लक्षित वर्गसम्म पहँच पुग्ने गरी केही विशेष कार्यक्रम लागु गर्न आवश्यक छ ।

- महिला शसक्तिकरणको लागि बहस पैरवी गरी विपन्न वर्ग लक्षित वस्तुगत टेवा, आयआर्जन, सिप विकास र नेतृत्व तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- लैगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी अभियान, तालिम र जनचेतनामुलक कार्यक्रम गरिनेछ ।
- लैगिक हिंसा न्युनिकरण, प्रजनन स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालविबाह, बहुविवाह तथा छुवाछुत जस्ता सामाजिक कुप्रथा तथा कुरीतिलाई अन्त्य गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोरीहरुलाई आत्मरक्षा तथा जीवनोपयोगी सिप सम्बन्धी तालिम सञ्चालन गरिनेछ

- अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरु लाई परिचय पत्र वितरण, दिवा सेवा कार्यक्रम, सम्मान कार्यक्रम तथा सरोकारवाला सँग अर्न्तक्रियाकार्यक्रमहरु सञ्चालन गरिनेछ
- लैगिक हिंसा निवारण एंव बालराहत कोष स्थापना गरिनेछ ।

## वन वातावरण तथा भू-संरक्षण

यस तिनाउ गाउँपालिकाको तल्लो भाग प्राय सवै चुरे क्षेत्रमा पर्दछ । भूबनोटका हिसावले चुरे क्षेत्र अति नै संवेदनशील क्षेत्रका रुपमा परिचित छ । यस क्षेत्रलाई बचावट गरी विपत न्युनिकरण गर्नु र भू-सुन्दरतालाई कायम राख्न जरुरी छ । नदी कटानबाट रोक्न वन क्षेत्रको सुरक्षा, वैज्ञानिकरण र व्यवस्थित गर्नु र बातावरणलाई मानव तथा जीवमैत्री बनाइ प्राकृतिक सन्तुलन कायम गर्ने तर्फ पालिकाले जोड दिनेछ । कचल खोला, तिनाउ खोला, बाह्रविसे, डुम्रे खोला, झुम्सा खोलामा तटबन्धनको कार्यक्रम, वन डढेलो नियन्त्रणका लागि अग्नि रेखा रेखाङ्कन, डढेलो सचेतना कार्यक्रम, वृक्षारोपण कार्यक्रम जस्ता कार्यक्रमलाइ निरन्तरता दिइने छ । त्यस बाहेक वन उपभोक्ता समितीको विभिन्न कार्यक्रम तथा क्रियाकलाप बारेमा जानकारी लिने, र अतिक्रमण गर्ने कार्यलाई रोक्नका लागि सुरक्षात्मक व्यवस्था कायम गर्ने तर्फ गाउँपालिकाको नीति रहेको छ । १ सामुदायिक वन १ पोखरी निर्माणको नीतिलाइ निरन्तरता दिइने छ ।

## युवा तथा खेलकूद

सभ्य, अनुशासन र मर्यादित समाज निर्माणको आधार भनेको खेलकूद र कलाकारिता नै हो, यसले समाजलाई एकताको शुत्रमा बाँध्ने काम पनि गर्दछ । राष्ट्रिय पहिचान र गौरवको विषय पनि खेलकूद र कला नै हो, यसर्थ पालिकाले यस क्षेत्रको विकासका लागि पनि उत्तिकै महत्व दिनु पर्दछ । यसका लागि आगामी वर्ष युवाहरुको चाहाना र खेलखेल्ने सीपलाई महत्व दिदै यसको उचित व्यवस्थापन गर्न पालिका स्तरीय खेलकुद आयोजना गरिनेछ र यसको व्यवस्थापन पालिका स्तरीय युवा क्लवले गर्ने छ । प्रत्येक वर्ष तिनाउ अध्यक्ष कप भलिवल रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गरि युवाहरुलाई परिचालित गरी कार्यक्रम तर्जुमा गरिने छ । जनप्रतिनिधि, कर्मचारी तथा युवाहरु विचमा अध्यक्ष कप मितेरी फुटवल खेल संचालन गरिने छ ।

- पालिका स्तरीय खेलमैदान निर्माणलाई पूर्णता दिइनेछ ।
- सबै वडाहरुमा वडास्तरीय खेलमैदान निर्माण गरिने छ ।
- बस्तीबस्तीमा भलिवल मैदान निर्माण गरिने छ ।
- युवाहरुका लागि स्वरोजगारमुलक व्यवसायिक र सिपमूलक तालिम सन्चालन गरिने छ ।
- युवाहरुलाई खेलकुदका सामाग्री वितरण गरिने छ ।

## सहकारी

नेपाल सरकारको तीन खम्वे अर्थ नीति अन्तर्गत रहेको सहकारीको प्रवर्द्धन गरी सहकारीको पूंजिलाई अधिकतम उत्पादन र रोजगारीमूलक क्षेत्रमा लगानी गर्ने तर्फ उन्मुख गराउने उद्देश्य अनुरुप आवश्यक अनुगमन तथा नियमन गरिने छ । सरकारले सहकारी मार्फत जनतामा दिने गरेको अनुदानका क्षेत्रहरुको उपयोगको बारेमा पालिकाले विशेष चासो लिने गरी कार्यक्रम तय गरिन छ । सहकारी सदस्यहरुलाई विशेष

तालिम मार्फत क्षमता अभिबृद्धि गर्ने गरी वजेटको व्यवस्था गरिने छ । एक घर एक सहकारी सदस्यको नीति लागु गदै सहकारी मार्फत उत्पादन वृद्धि गरिने छ । पालिका भित्रका कृषि संग आवद्ध सहकारीहरुलाई संजालमा आवद्ध गरि व्यवसायीक तरकारी खेती प्रणालीमा अनुदान दिने साथै सहकारी मार्फत उत्पादित कृषिउपज विक्री वितरण प्रकृयालाई प्राथमिकता दिई उत्पादनका आधारमा कार्यविधि वनाई अनुदान समेतको व्यवस्था गरिने छ । एकै कार्य क्षेत्र भित्र एकै विषयका एक भन्दा वढि सहकारी स्थापनालाई निरुत्साहित गरिने छ । हालको सहकारी नियमावली लागु हुनु भन्दा पहिले नै दर्ता भई चलिरहेका एकै प्रकृतीका सहकारीहरुलाई मर्ज गरिदै लगिने नीति लिइएको छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लक्षित वर्ग) कार्यक्रम

महिला, जनजाती, युवा, दलित, फरकक्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक,एकल महिला, बालबालिका, लोपोन्मुख जाती सवैको सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउने नेपाल सरकारको नीति अनुरुप लक्षित वर्गको सशक्तिकरणका विविध कार्यक्रम मार्फत समावेसी सिद्धान्त अनुरुप समताको अवस्थामा ल्याउन पालिका स्तरीय संजाल निर्माण कार्य सम्पन्न भई सकेको छ सोही सन्जाल मार्फत सन्जालको संयोजक जनप्रतिनिधिको रोहवरमा सम्वन्धीत शाखाको कर्मचारी मार्फत सशक्तिकरण, आर्यआर्जन, क्षमता विकास लगाएतका प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्दै लगिने छ ।

## समपुरक कोष

स्थानीय सरकार र स्थानीय जनताबाट साझेदारी कार्यक्रम अनुसार लगानी सहभागिताका आधारमा आफ्नो गाउँ ठाउँको विकासका लागि विशेष कार्यक्रम संचालन गर्न माग भै आएमा ३०/७०% का आधारमा विशेष योजनाहरुको छनौट गरी कार्यान्वयन गरिने छ । कुनै गै.स.स को विशेष कार्यक्रम गर्न गाँउ कार्यपालिकाले आवश्यकता अनुसारको लागत सहभागिता मा कार्यक्रम संचालन गरिने छ । कुनै त्यस वाहेक केन्द्र सरकार र प्रदेश सरकारले तय गरेको लगानी सहभागितामा संचालन गर्ने आयोजनाहरुको पहिचान गरी कार्यक्रम संचालन गर्ने व्यवस्था समेत गरिने छ । साथै प्रदेश सरकार सँगको लागत सहभगितामा चालु आ. ब. मा १ करोड ५० लाख गा.पा.को र १ करोड ५० लाख प्रदेश सरकारको साझेदारीमा निम्न योजना संचालन गरिनेछन ।

- खुर्सानि कचल मोटरवाटो ।
- अविरलपार्क निर्माण ।
- गा.पा. बहुउद्देश्यीय सभाहल ।
- गेरवन्दी सतयवती जगात मोटरवाटो स्तरोन्नती ।
- सिखरडाडा खानेपानी योजना ।
- ओखलढुंगा अंकुसे देउराली मोटरवाटो ।

## कर्मचारीकल्याण कोषको स्थापना

तिनाउ गाउँपालिकामा कार्यरत स्थानीय सेवा, अन्य सेवा वाट यस गाउपालिकामा कार्यरत स्थायी तथा अस्थायी कर्मचारीहरुलाई आफ्नो सेवा वाट अवकास लिदाका वखतमा उपलब्ध गराउनु पर्ने निवृत्तिभरण लगायतका सेवा सुविधा भुक्तानी दिन एक कर्मचारी कल्याणकोषको स्थापना गरी साल बसाली उक्त कोषमा कम्तीमा ५ लाख जम्मा गर्दै लगिने छ र भुक्तानी दिनेवेलामा । नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारवाट तयार गरिएको कार्यविधीका आधारमा भुक्तानी दिने व्यवस्था मिलाइने छ । यस कोषको रकम अन्य शिर्षकमा खर्च गर्न पाइने छैन ।

## विपद व्यवस्थापन

बेलामौकामा भारी वर्षा, आगलागी, भूकम्प, आँधिबेरी जस्ता विपतले सार्वजनिक एवं निजी जीवनमा पर्ने असरलाई कम गर्न, पिडितलाई केही न केही राहतका प्याकेजद्वारा ती क्षेत्रहरुलाइ संबोधन गर्ने गरी एक विपद व्यवस्थापन कोषको स्थापना गरी कार्यविधि समेत बनि सकेको अबस्था  छ । सो कोषलाइ बडोत्तरी गरी बिपदमा परेका नागरीकहरुलाइ छिटो भन्दा छिटो राहत उपलब्ध गराउने कार्यलाइ ब्यबस्थित गरिदै लगिने छ । विपत व्यवस्थापनका राहतका लागि आवश्यक सामाग्रीहरु, त्रिपाल, वाल्टी, जग, बेड विस्तरा खाद्यान्न लगायतका सामानहरु खरिद गरी राखिनेछ ।

## सुकुम्बासी सम्वन्धमा

सुकुम्बासीहरुको पहिचान गरी त्यसको सुची तयार गर्ने कार्यलाइ अगाडी बडाइने छ साथै पालिकालाई सुकुम्बासी मुक्त क्षेत्रको रुपमा घोषणा गर्ने गरी कार्यक्रम ल्याईने छ ।

## सेवाग्राही हेल्प डेक्स स्थापना

गाउँपालिका कार्यालयवाट सेवा लिन आउने सेवा ग्राहीहरु अलमलमा नपरुन र सेवाग्राहीहरुले पालिकावाट छिटोभन्दा छिटो सेवा प्राप्त गर्न सकुन भनी गाउ पालिकाले एक सेवाग्राही हेल्पडेक्स निर्माण गरी एक कर्मचारी समेतको व्यवस्था मिलाउने छ ।  त्यस हेल्पडेक्सवाट फोटोकपी, स्क्यानिङ, प्रीन्टीङ लगायत अन्य सेवाहरु सहुलियत दरमा पाउने व्यवस्था मिलाइने छ ।

## आवाश क्षेत्र घोषणा

तिनाउ वडा नं.२ को नुवाकोट, गणेशटोल, दोभान वजार, घोडेबास तथा वडा नं.३ को झुम्सा सेरोफेरो हाइवे क्षेत्र र मस्यामको डुम्रे क्षेत्रलाई आवाश क्षेत्रको रुपमा घोषणा गर्दै पूर्वाधार निर्माणमा विकास गदै लगिनेछ ।

## विविधः

- वडा नं. ६ मा विशेषनापी कार्यालयबाट सुरु गरिएको डिजिटल नापी कार्यलाई तिनाउ गा.पा.का अन्य वडाहरुमा क्रमश संचालन गरिनेछ ।

- समृद्ध तिनाउ गा.पा निर्माणको लागि अल्पकालिन, मध्येकालिन र दिर्घकालिन योजना वनाई साल बसाली योजना निर्माणकार्य सम्पन्न गर्न कानून निर्माण गरि एक योजना आयोग गठनगर्ने प्रकृया अगाडी वढाइनेछ ।
- संचारकर्मीहरु संगको सहकार्यमा गाउँपालिकाले गरेका कामको यथार्थ विवरण जनसमुदाय समक्ष पुर्‍याइनेछ ।
- जनताको सुसुचित हुनपाउने सूचनाको हक प्रत्याभूत गर्न कार्यालयबाट संपादित कार्यहरुको सार्वजनिक सुनवाई, सार्बजनिक परीक्षणलाई निरन्तरता दिइनेछ ।
- तिनाउ गाउँपालिकाको मुखपत्र तिनाउ संदेशलाई निरन्तरता दिइने छ ।
- गा.पा.का कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकनका आधारमा स्थानीय भत्ता लागु गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका उद्योग, कलकारखाना, फर्म, पसल, होटलहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरी दर्ता प्रमाणपत्र दिने र वार्षिक नविकरण गर्नुपर्ने नियमलाई अनिवार्य गरिनेछ ।
- गाउँसभाबाट पारीत भएका योजनाहरुको हिउदे अधिवेशन पुर्वनै संझौता गरी पूर्वाधार निर्माणकार्य सुरु गर्नुपर्नेछ । हिउदे अधिवेशन सम्म पनि संझौता गर्न नआएका योजनाहरुलाई अन्यत्र लगाइनेछ ।

**अन्तमा**

हामी अहिले एकातिर कोरोना भाईरस संक्रमण विरुद्ध सचेतना पूर्वक जुधेर विजय प्राप्त गर्नु परेकोछ भने अर्कोतर्फ विकास निर्माण र जनसेवाको काममा पनि उत्कृष्टता हासिल गर्नु परेकोछ । यसको लागि सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी, स्वाथ्यकर्मी, मित्रहरु एकतावद्ध भई र सकृयता पूर्वक लाग्न जरुरी छ । यसकोलागि कर्मचारी, स्वाथ्यकर्मी, समाजका अगुवा, बुद्धिजीवी, शिक्षक, समाज सेवी, पार्टि प्रतिनिधि सबैको साथ र सहयोग लिएर आम जनतालाई परिचालन गर्न म सम्पूर्ण जनप्रतिनिधि मित्रहरुलाई हार्दिक अपिल गर्दछु साथै दिनरात जनताका काममा खट्नुभएका जनप्रतिनिधि ज्यूहरु र लकडाउन लगायत विदाका दिनमा समेत दिनरात गाउपालिकाको काममा खटिनुहुने कर्मचारी, स्वास्थ्यकर्मी, एवं दोभान चौकीका प्रहरी मित्रहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद**

**मिति २०७७०३।०८**